# राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालयः रा.बी.सं. भवन, रामशाह पथ, काठमाडौं, नेपाल ।
पत्र-मञ्जुषा नं. ५२७, फोन नं.: ४२६२५२० (हटिङ्ग लाईन) फ्याक्स नं.: ००९७७-१-४२६२६१०
इमेल : info@beema.com.np, वेबसाइट : www.beema.com.np


पत्र संङ्ख्या : ७९/८०
चलानी नं : ३०/०६९/८०

मिति :२०७९/०४/०१

श्री स्थानिय तहहरु,सबै

विषय : जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद् बाट मिति २०७५/०८/०३ मा भएको निर्णय बमोजिम " राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा संचालन कार्यविधि २०७५ " अनुसार २०७५ साउन १ गते पश्चात् राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा राष्ट्रिय बीमा संस्थानमा भएको कुरा यहाँहरुमा अवगत नै छ। कार्यालयहरुले राष्ट्रसेवकको मासिक तलबबाट सामुहिक सावधिक जीवन बीमाशुल्क वापत रु. चार सय योगदान गरी त्यसमा नेपाल सरकारको तर्फबाट थपिने रु. चार सय हाललाई नागरिक लगानी कोषमै रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रसेवक कर्मचारीहरुको अवकाश / राजिनामा तथा मृत्यु पश्चात् राष्ट्रिय बीमा संस्थानबाट २०७५ साउन १ पछि जम्मा भएको रकम भुक्तानी पाइने कुरा जानकारी गराउदछौं । र सो दावी भुक्तानीका लागि चाहिने आवश्यक कागजातहरुको विवरण यसै पत्रसाथ संलग्न भएको व्यहोरा जानकारी गराउदैं आवश्यक सहजिकरण गरिदिनुहुनका लागि अनुरोध गर्दछौं ।

पूर्वखोला गाउँपालिका
शाखाः प्रशासन
दर्ता नं.: ४९
दर्ता मितिः २०७९।०४।०६
दर्ता गर्नेको हस्ताक्षरः

दिनेश गौतम
सह-व्यवस्थापक
राष्ट्रसेवक दावी विभाग

श्री प्रशासकीय अधिकृत
प्रस्तुत पत्र र पत्र संलग्न सर्वोधित सबैको जानकारीका लागि पठाउनु

१.श्री जिल्ला स्थित सबै सरकारी कार्यालयहरु

२.श्री स्थानिय तह अन्तर्गत रहेका सम्पुर्ण सरकारी कार्यालयहरु

**सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु (निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल , राष्ट्रिय अनुसन्धान) लाई सावधिक जीवन बीमा दावी भुक्तानीका लागि चाहिने आवश्यक कागजात सम्बन्धी जानकारी :**

१) नेपाल सरकार मन्त्रिपरिषद् बाट भएको निर्णय बमोजिम " राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जिवन बीमा संचालन कार्यबिधि २०७५ " अनुसार २०७५ साउन १ गते पश्चात् राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा राष्ट्रिय बीमा संस्थानमा भएको कुरा अवगत गराउदँछौ ।

२) सम्पुर्ण राष्ट्रसेवक **(निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी , सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान)** कर्मचारीहरुले अवकाश तथा राजिनामा पश्चात् राष्ट्रिय बीमा संस्थानमा भएको बीमा बन्द गरी समर्पण मुल्य लैजाने वा सो बीमा आफ्नो नाममा निरन्तरता गर्ने सुविधा प्राप्त गर्नुहुनेछ ।

## बीमा निरन्तरता गर्दाका फाइदाहरु

- ५० बर्ष मुनिका कर्मचारीका लागि बीमा अवधि २० बर्ष पुगेपछि वा ५० बर्ष माथिका कर्मचारीका लागि ७० बर्ष पुगेपछि **बीमाङ्क रकम रु. २ लाख + हरेक बर्ष रु. १३००० बोनस रकम** ( हालको प्रचलित बोनस दर प्रतिहजार ६५ अनुसार) एकमुष्ट पाउनुहुनेछ ।
- **कर्जा LOAN आवश्यकता पर्दा LOAN APPLY गरेको दिनमै तत्काल पाइने।**
- यदि बीमा निरन्तर गर्नु भएको छ र बिचमै मृत्यु भएमा हकवालाले **रु. २ लाख र जम्मा गरेको हरेक बर्ष रु. १३००० बोनस रकम** ( हालको प्रचलित बोनस दर प्रतिहजार ६५ अनुसार) सहित पाउनुहुनेछ । यदि ADB लिनु भएको छ र दुर्घटनाबाट मृत्यु भएमा हकवालाले **रु. ४ लाख र हरेक बर्ष रु. १३००० बोनस रकम** ( हालको प्रचलित बोनस दर प्रतिहजार ६५ अनुसार) सहित पाउनुहुनेछ ।

१) सावधिक जीवन बीमा समर्पण गर्दा (बीमा बन्द गरी रकम झिकेर लिंदा) चाहिने आवश्यक कागजातहरु :

- दाबी फछ्यौट पुर्जा ( राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ )
- निवेदन ( राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ )
- नागरिक लगानी कोषको पत्र (नागरिक लगानी कोषबाट राष्ट्रिय बीमा संस्थानलाई लेखिएको सक्कल पत्र )
- अवकाश / राजिनामा पत्रको प्रतिलिपी
- पेन्सन पट्टाको प्रतिलिपी
- चेकको फोटोकपी एक प्रतिलिपी

सम्बन्धित कर्मचारीको नाम थर फरक- फरक भएमा (फरक भएको नामहरु एउटै हो भनी) सम्बन्धित वडाको सिफारिश पत्रको प्रतिलिपी ।

२ ) जीवन बीमा निरन्तर गर्दा चाहिने आवश्यक कागजातहरु :

- बीमा निरन्तरताको फाराम ( राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ)
- KYC फाराम ( राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ)
- Covid फाराम ( राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ)
- नागरिक लगानी कोषको पत्र (नागरिक लगानी कोषबाट राष्ट्रिय बीमा संस्थानलाई लेखिएको सक्कल पत्र )
- सम्बन्धित कर्मचारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- अवकाश /राजिनामा पत्रको प्रतिलिपी
- पेन्सन पट्टाको प्रतिलिपी
- सम्बन्धित कर्मचारीको नाम थर फरक- फरक भएमा (फरक भएको नामहरु एउटै हो भनी) सम्बन्धित वडाको सिफारिश पत्रको प्रतिलिपी ।

३) सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु (निजामती, शिक्षक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धानका कर्मचारी) को कार्यरत अवस्थामा मृत्यु हुदाँ चाहिने आवश्यक कागजातहरु :

- १) मृत्यु दाबी फछ्यौट पुर्जा ( **राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ** )
- २) निवेदन ( **राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ** )
- ३) नागरिक लगानी कोषको पत्र ( **नागरिक लगानी कोषबाट राष्ट्रिय बीमा संस्थानलाई लेखिएको सक्कल पत्र**)
- ४) कार्यरत कार्यालयले राष्ट्रिय बीमा संस्थानलाई लेखेको **सक्कल** पत्र ( *मृतक कार्यरत रहदाँको कार्यालय / विद्यालयबाट ल्याउने पत्रमा राष्ट्रिय बीमा संस्थानलाई सम्वोधन गरी कर्मचारीको मृत्यु कहाँ , कसरी , कहिले, कुन रोगको कारण घरमा वा बाटोमा वा अस्पतालमा भएको हो भनि कार्यरत अवस्था उल्लेख गरि बीमा दाबी रकम कसलाई दिने हो भनी हकवालाको नाम उल्लेख गरिएको* **सक्कल पत्र** )
- ५) अनुसुची ३ फाराम (**राष्ट्रिय बीमा संस्थान र संस्थानको website मा पाइन्छ - मृतक कर्मचारीको कार्यरत रहदाँको कार्यालयले भर्ने** )
- ६) **HOSPITAL मा मृत्यु भएमा HOSPITAL ले दिएको DEATH CERTIFICATE**
- ७) दुर्घटनाबाट मृत्यु भएमा (घटनास्थलको मुचुल्का, शव परिक्षण प्रतिवेदन, लाश सदगत् पुर्जी तथा प्रहरी प्रतिवेदन )
- ८) मृतकको मृत्यु दर्ता प्रमाणपत्र (सम्बन्धित वडाबाट प्राप्त )
- ९) मृतकसंगको नाता प्रमाणित प्रमाणपत्र (सम्बन्धित वडाको सिफारिश)
- १०) मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- ११) मृतकको हकवालाको नागरीकता प्रमाणपत्रको प्रतिलिपी

- १२) पेन्सन पट्टाको प्रतिलिपी
- १३) हकवाला एकमात्र श्रीमती भएमा सम्बन्धित वडाबाट एकमात्र श्रीमतीको सिफारिश पत्र
- १४ ) मृतक कर्मचारी वा हकवालाको नाम थर फरक फरक भएमा (फरक भएको नामहरु एउटै हो भनी सम्बन्धित वडाबाट सिफारिश बनाउनु पर्नेछ ।)
- १५) चेकको प्रतिलिपी

नोटः यदि मृतकको हकवाला दुई वा सो भन्दा बढी भएमा JOINT खाता अनिवार्य चाहिनेछ।

**सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुको राष्ट्रिय बीमा संस्थानसंग सम्बन्धित फारामहरु संस्थानको WEBSITE मा पाइन्छ ।**

**1st step : www.rbs.gov.np**
**2nd step : download**
**3rd step : Nepal government employee insurance मा गएर download गर्ने**
**(LINK : https://rbs.gov.np/nepal-government-employee-insurance/ )**

**( नोट : राष्ट्रसेवक कर्मचारीहरुको बीमा सुरुवात् भएदेखि २०७५ असार मसान्तसम्मको रकम नागरिक लगानी कोषबाट पाइनेछ तत् पश्चात् २०७५ साउन १ पछी अवकाश/ राजिनामा र अवकाश राजिनामा पछि मृत्यु भएमा सरेन्डर रकम तथा कार्यरत अवस्थामा मृत्यु भएका कर्मचारीको बीमा रकम राष्ट्रिय बीमा संस्थानबाट पाइनेछ )**